# काठमाडौ विश्वविद्यालयको उपकुलपति खोज तथा सिफारिस सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८१

स्वीकृत मिति २०८१/१०/१७

**प्रस्तावनाः**

काठमाडौ विश्वविद्यालयको उपकुलपति नियुक्तिका लागि कुलपतिसमक्ष नाम सिफारिस गर्न गठित सिफारिस समितिबाट मिति २०८१/९/१६ मा स्वीकृत "काठमाडौ विश्वविद्यालयको उपकुलपति खोज तथा सिफारिससम्बन्धी कार्यविधि, २०८१" मा संशोधन गर्न वाञ्छनिय भएकोले काठमाडौ विश्वविद्यालयको उपकुलपति खोज तथा सिफारिस गर्न गठित सिफारिस समितिले देहायको कार्यविधि बनाई लागु गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम "काठमाडौ विश्वविद्यालयको उपकुलपति खोज तथा सिफारिससम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८१" रहेको छ ।

(२) यो कार्यविधि सिफारिस समितिबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ भई उपकुलपति नियुक्त नहूँदासम्म कायम रहनेछ ।

२. **काठमाडौ विश्वविद्यालयको उपकुलपति खोज तथा सिफारिस सम्बन्धी कार्यविधि, २०८१ को दफा ४ मा संशोधन : -** "काठमाडौ विश्वविद्यालयको उपकुलपति खोज तथा सिफारिससम्बन्धी कार्यविधि, २०८१" (यसपछि "मूल कार्यविधि" भनिएको) को दफा ४ को खण्ड (क) मा रहेको "विद्यावारिधि" भन्ने शब्दको सट्टा "स्नातकोत्तर" भन्ने शब्द राखिएको छ ।

३. **मूल कार्यविधिको दफा ५ पछि ५ (क) थप :-** मूल कार्यविधिको दफा ५ पछि देहायको दफा ५(क) थपिएको छ ।

**५ (क) दरखास्त पेश गर्ने समयावधि थप गर्न सक्नेः** (१) दफा ५ मा जुनसुकै कुरा लेखिएको भएतापनि यस समितिले विश्वविद्यालयको वृहत्तर हितको लागी दफा ४ को उपदफा (१) को खण्ड (क) बमोजिम मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर वा सो सरहको शैक्षिक योग्यता भएका योग्य व्यक्तिलाई उपकुलपतिको पदमा दरखास्त दिन मन्त्रालय, विश्वविद्यालय अनुदान आयोग, विश्वविद्यालयको वेवसाइटमा सूचना प्रकाशन गरी तथा कुनै राष्ट्रिय दैनिक पत्रिकामा सात दिनको सूचना दिई दरखास्तको लागि समयावधि थप गरी सूचना प्रकाशन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशन भएमा यस अधिको सूचना बमोजिम प्राप्त हुन आएका दरखास्तलाई कायमै राख्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम सूचना प्रकाशन भएमा त्यस्तो सूचना बमोजिम दरखास्त पेश गर्न चाहने व्यक्तिले दफा ६ बमोजिमका कागजात सहित अनुसूची - १ बमोजिमको ढांचामा दरखास्त पेश गर्नु पर्नेछ ।

४. **<u>मूल कार्यविधिको दफा ६ मा संशोधनः-</u>**

मूल कार्यविधिको दफा ६ को उपदफा (१) को खण्ड (क) मा रहेका "र विद्यावारिधि उपाधिका" भन्ने शब्दहरुको सट्टा "र विद्यावारिधि उपाधि हासिल गरेको भए सो उपाधि सहितका" भन्ने शब्दहरु राखिएका छन ।

५. **<u>मूल कार्यविधिको दफा १० मा संशोधनः-</u>**

मूल कार्यविधिको दफा १० को उपदफा (१) मा रहेका "पांच दिनको " भन्ने शब्दहरुको सट्टा "तीन दिनको " भन्ने शब्दहरु राखिएका छन ।

६. **<u>मूल कार्यविधिको दफा १२ मा संशोधनः-</u>** मूल कार्यविधिको दफा १२ मा देहाय बमोजिम संशोधन गरिएको छ :-

(क) उपदफा (१) मा रहेका "त्यस्तो सदस्य वा विज्ञ" भन्ने शब्दहरुको सट्टा "त्यस्तो सदस्य वा विज्ञले त्यस्तो नजिकको नातेदारको " भन्ने शब्दहरु राखिएका छन ।

(ख) उपदफा (२) मा रहेका "समितिका अध्यक्ष तथा सदस्यको हकमा कुलपतिबाट" भन्ने शब्दहरुको सट्टा "समितिका अध्यक्ष तथा सदस्यको हकमा कुलपतिसंग समन्वय गरी" भन्ने शब्दहरु राखिएका छन ।

७. **<u>मूल कार्यविधिको अनुसूची १ मा संशोधन :-</u>**

मूल कार्यविधिको अनुसूची १ को खण्ड (ज) को क्रमसंख्या (३) मा रहेका "र विद्यावारिधि उपाधिका" भन्ने शब्दहरुको सट्टा "र विद्यावारिधि उपाधि हासिल गरेको भए सो उपाधि सहितका" भन्ने शब्दहरु राखिएको छ ।